# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
## मितिः १२ अप्रेल २०२६
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- भाजपाको वरिष्ठ नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले आज सिलगढ़ीमा तृणमूल कांग्रेसको आलोचना गर्नुहुँदै चुनाउपछि बंगालबाट तृणमूल कंग्रेस सरकारको बिदाइ निश्चित रहेको बताउनुभएको छ।
- राज्यको मुख्यमंत्री ममता ब्यानर्जीले भाजपाको आलोचना गर्नुहुँदै बंगालमा भाजपाले जबरन कब्जा गर्न चाहेको आरोप लगाउनु भएको छ।
- प्रख्यात गायिका अनि पद्म विभूषणद्वारा सम्मानित आशा भोसलेको आज मुंबईमा निधन भएको छ।
- मौसम विभागले उत्तर बंगाल तथा दार्जीलिङ पहाड क्षेत्रमा भोलि आंशिकदेखि सामान्य रुपमा कुइरो लागि रहने तथा केही स्थानहरुमा हल्का वर्षा हुन सक्ने अनुमान व्यक्त गरेको छ।

**प्रधानमंत्री - सिलीगुड़ी रैली**

भारतीय जनता पार्टीको वरिष्ठ नेता अनि प्रधान मंत्री श्री नरेन्द्र मोदीले आज सिलगड़ीमा एउटा चुनाव रैलीलाई संबोधन गर्नुभयो। प्रधान मंत्रीले दार्जिलिंग पहाड़ अनि जलपाईगड़ी जिल्लाहरुका 13 भाजपा उम्मेद्वारहरुको समर्थनमा रैलीलाई संबोधित गर्नु भयो। उहाँले भन्नुभयो पश्चिम बंगालको जनताको उत्साह यस कुरोको संकेत हो कि आगामी चुनावमा सत्ताधारी तृणमूल कांग्रेस पराजित हुनेछ। श्री मोदीले आरोप लगाउनुभयो कि तृणमूल कांग्रेस सरकारले आफ्नो कार्यकालमा राज्यको विकासलाई क्षति पुराएको छ अनि निधि आवंटनमा असंतुलन बनेको छ। उहाँले राज्य सरकारले मदरसाहरुलाई पर्याप्त संसाधन दिएको तर उत्तर बंगालको विकास आवश्यकताहरुलाई अनदेखा गरेको आरोप पनि लगाउनुभयो। सिलगड़ीको कावाखालीमा जनसभालाई सम्बोधन गर्नुहुँदै श्री मोदीले पर्यटन, संपर्क अनि औद्योगिक क्षेत्रहरुमा यस क्षेत्रको उपेक्षा गरिएको बताउनुहुँदै टीएमसी माथि तुष्टीकरणको राजनीति गरेको आरोप लगाउनुभयो। प्रधानमंत्रीले भन्नुभयो टीएमसीले उत्तर बंगालमा चिया बागान श्रमिकहरु अनि जनजातीय समुदायको कल्याणलाई अनदेखा गरेको छ। उहाँले निवासीहरुलाई यदि भाजपा सरकार सत्तामा आए, यस क्षेत्रमा अस्पताल, मेडिकल कॉलेज अनि विश्वविद्यालयहरुको निर्माणलाई प्राथमिकता दिइने आश्वासन पनि दिनुभयो। स्थानीय प्रतिभाहरु माथि प्रकाश पार्नुहुँदै श्री मोदीले राजबंशी भाषामा योगदानको लागि पद्म पुरस्कारद्वारा सम्मानित नागेंद्रनाथ रॉय अनि सिलगड़ी निवासी अनि प्रमुख क्रिकेटर तथा महिला विश्व कप विजेता ऋचा घोषको उल्लेख गर्नुभयो। श्री मोदीले देशभरीमा आदिवासी समुदायहरुको विकासको लागि एक लाख करोड़ रुपियाँको कोष आवंटित गरिएको तर टीएमसी सरकार पश्चिम बंगालका आदिवासी क्षेत्रहरुमा यी निधिहरुको उपयोग गर्न तथा पाइपलाइनद्वारा पेयजल पुर्याउने परियोजनाहरुलाई लागू गर्न विफल रहेको बताउनुभयो। उहाँले मतुआ अनि नामासुद्र समुदायहरुलाई भाजपा सत्तामा आए उनीहरुलाई सीएए अन्तर्गत नागरिकता प्रदान गरिने आश्वासन पनि दिनुभयो। आफ्नो भाषणको समापनमा, प्रधानमंत्रीले राज्यमा घुसपैठलाई लिएर चिंता व्यक्त गर्नुहुँदै तृणमूल कंग्रेसले घुसपैठीहरुलाई आफ्नो समर्पित वोट बैंकको रूपमा प्रयोग गरिरहेको आरोप लगाउनुभयो। राज्यमा महिलाहरुलाई पर्याप्त सुरक्षा नभएको पनि श्री मोदीले बताउनुभयो। उहाँले जनतासित राज्यमा विकास अनि असल शासनको लागि भाजपाको समर्थन गर्ने अपील गर्नुभयो। यस रैलीमा दार्जिलिंग, कालेबुंग अनि जलपाईगड़ी जिल्लाहरुबाट हजारौं पार्टी कार्यकर्ताहरु अनि समर्थकहरु शामेल भएका थिए। भाजपाले दार्जिलिंग जिलाका सबै 5 सीट, कलेबुङ्ग जिलाका 1 सीट अनि जलपाईगड़ी जिलाका 7 सीटहरुमा चुनाव लड़िरहेको छ। यस अघि श्री मोदी हिज बेलुकी सिलगड़ी पुग्नुभएको थियो अनि कड़ा सुरक्षा बीच हिज सिलीगड़ीमा रोड शो गर्नुभयो। उहाँले हिज बागडोगराको बिहार मोड़देखि आफ्नो रोड शो शुरू गर्नुभएर लगभग 15 किलोमीटर टाड़ो खपरैल बाजार पुग्नुभएको थियो। अर्को तर्फ तृणमूल कांग्रेस नेता अनि पश्चिम बंगालको मुख्यमंत्री ममता बनर्जीले आगामी 15 अप्रैलको दिन सिलगड़ीमा एउटा विशाल चुनावी रैलीमा भाग लिनुहुनेछ।

*Byte*

**मुख्यमंत्री-रैली**

तृणमूल कांग्रेस प्रमुख अनि पश्चिम बंगालको मुख्यमंत्री ममता बैनर्जीले आज पूर्वी बर्धमानको खंडाघोषमा चुनाव रैलीमा भाजपाको आलोचना गर्नुभयो। उहाँले भन्नुभयो तृणमूल कांग्रेसले आफ्नो वाचा पुरा गर्दध जबकि भाजपाका नेताले केवल वाचा गर्दछ। सुश्री बैनर्जीले कृषिलाई लिएर भाजपाको दावीहरुलाई खारेज गर्नुहुँदै राज्यमा कृषि उत्पादनमा वृद्धि भएको बताउनु भएको छ। यसको साथै आज चुनावी प्रचारको अवधि बांकुड़ा जिल्लाको छातनामा आयोजित जनसभामा मुख्यमंत्रीले भारतीय जनता पार्टीले जबरन बंगालमा कब्जा गर्न चाहेको तर यस्तो कहिले संभव नहुने बताउनुभयो। मुख्यमंत्रीले भाजपाले सम्पूर्ण देशमा एउटै पार्टीको शासन स्थापित गर्न चाहेको बताउनुभयो। भाजपाले डिलिमिटेशन बिल ल्याउने कोशिश गरिरहेको बताउनुभयो।

**पश्चिम बंगाल चुनाव डिटेल**

राज्यमा विधानसभा चुनावको पहिलो चरणको मतदानमा अब केवल ११ दिन बाँकी रहेको छ तथा चुनाव प्रचार अभियान तिव्र बनेको छ। देशका शीर्ष राजनैतिक दलहरुका नेताहरुले आज राज्य भरीमा जनसभाहरुलाई संबोधित गरे। भारतीय जनता पार्टीको तर्फबाट आज प्रधानमंत्री नरेंद्र मोदीले सिलगड़ीको कावाखालीमा एउटा जनसभालाई सम्बोधन गर्न भयो भने उत्तर प्रदेशका मुख्यमंत्री योगी आदित्यनाथ पनि चुनाव प्रचारमा सक्रिय रहे। उहाँले बांकुराको सोनामुखी तथा पछिबाट पूर्व मेदिनीपुरको नंदकुमार अनि कांथी दक्षिणमा रैलीहरु आयोजित गर्नुभयो। यस बाहेक तृणमूल कांग्रेसको तर्फबाट मुख्यमंत्री ममता बनर्जीले पूर्व बर्धमान, पश्चिम बर्धमान अनि बांकुरा जिल्लाहरुमा धैरै जनसभाहरुलाई सम्बोधन गर्नुभयो। राज्यमा विधान सभा चुनाउको पहिलो चरण आगामी २३ अप्रेलको दिन हुनेछ भने दोस्रो चरणको चुनाउ २९ अप्रेलको दिन हुनेछ। यसको साथै मतगणा ४ मईको दिन हुनेछ।

**प्रधानमंत्री-महिला आरक्षण**

प्रधानमंत्री नरेन्द्र मोदिभ महिला आरक्षण कानूनमाथि साँचो भावनाले काम गर्ने समय आएको जसद्वारा 2029 देखि लोकसभा अनि विधानसभा चुनाव महिला आरक्षणको साथमा होस् भनी बताउनुभएको छ। लोकसभा र राज्यसभामा सदनका नेताहरूलाई लेख्नुभएको पत्रमा, श्री मोदीले सबै सदस्यहरूलाई महिला आरक्षण ऐन संशोधनको मुद्दामा एकताबद्ध हुन आग्रह गर्नुभयो। यो कानूनलाई नारी शक्ति वंदन अधिनियम नाम दिइएको छ। संसदको बजेट सत्र अवधि बढाइएको छ र अप्रिल 16 देखि 18 सम्म तीन दिने विशेष सत्र आयोजना गरिनेछ। महिला आरक्षण अधिनियमले लोकसभा सिटको संख्या बढेर 816 हुनेछ, जसमा 273 सिट महिलाहरुका लागि आरक्षित हुनेछ। 2023 मा संवैधानिक संशोधन मार्फत लोकसभा र राज्य विधान सभाहरूमा महिलाका लागि 33 प्रतिशत आरक्षणको प्रावधान गरिएको थियो।

**प्रर्वतन निदेशालय-सोना पप्पू**

प्रवर्तन निदेशालयले पश्चिम बंगालको राजधानी कोलकातामा, सोना पप्पू मामलामा दुइ व्यक्तलाई समन जारी गरेको छ। निदेशालयले हावड़ाको संयुक्त आयुक्त गौरव लाल अनि भू माफिया सरगना जॉय कामदार लाई समन जारी गरी भोलि कोलकाता कार्यालयमा सोधपूछको लागि बोलाएको छ। यस मामलामा तृणमूल कांग्रेसका अन्य नेताहरुसित पनि सोधपूछ गरिन्दैछ।

**आशा भोसले-निधन**

प्रख्यात गायिका अनि पद्म विभूषणद्वारा सम्मानित आशा भोसलेको आज मुंबईमा 92 वर्षको आयुमा निधन भएको छ। उहाँको अंतिम संस्कार भोलि बेलुकी 4 बजे शिवाजी पार्कमा हुनेछ। आशा भोंसलेले अनेकौ हिन्दी गीतहरु गाउन साथै धैरे नेपाली गीतहरुमा पनि आफ्नो स्वर दिनुभएको थियो। आशा भोसलेलाई हिज छातीमा संक्रमण अनि कमजोरीको कारण हिज बेलुकी मुंबईको एउटा अस्पतालमा भर्ती गराइएको थियो। आठ दशक भन्दा अधिकको समयसम्म आशा भोंसलेले आफ्नो गायनद्वारा भारतमा संगीतको एक युगलाई परिभाषित गर्नुभएको छ। राष्ट्रपति द्रौपदी मुर्मु, उप राष्ट्रपति सी पी राधाकृष्णन, प्रधान मंत्री नरेन्द्र मोदी, रक्षामंत्री राजनाथ सिंह लगायत अन्य वरिष्ट नेतागण तथा विशिष्ट व्यक्तित्वहरुले प्रख्यात गायिका आशा भोसलेको निधनमा समवेदना व्यक्त गर्दै उहाँको निधनले संगीत जगतमा अपूर्णीय क्षति पुर्याएको बताएका छन्।

**आईजीजेएफ**

खरसाङ विधानसभा समष्टिको लागि ईण्डियन गोर्खा जनशक्ति फ्रण्टको उम्मेद्वार बन्दना राईको पक्षमा आज खरसाङमा परिवर्तन रैलीको नाममा चुनावी रैलीको आयोजना गरियो। ईण्डियन गोर्खा जनशक्ति फ्रण्टको भातृ संगठन हाम्रो हिल तराई डुवर्स चियाबारी श्रमिक संगठनको आयोजनामा बन्दना राईको पक्षमा चुनावी रैली आयोजना गरिएको छ।

*आजको रैली खरसाङको रेलवे स्टेशन परिसरबाट शुरु भएर हिल कार्ट रोड हुँदै खरसाङ बजार परिक्रमा गर्दै आईएनए बस टर्मिनलसम्म पुगेर चुनावी पथ सभामा परिणत भयो। यस परिवर्तन रैलीमा खरसाङ विधानसभा समष्टिको लागि ईण्डियन गोर्खा जनशक्ति फ्रण्टकी उम्मेद्वार बन्दना राईको पक्षमा भोटको अपिल गरिएको छ। परिवर्तनको नाराको साथमा आयोजना गरिएको रैलीमा चियाबारी श्रमिकहरुको पक्षमा विभिन्न प्ला कार्डहरु बोकेर विभिन्न नाराहरुका साथमा परिवर्तनको लागि रैली आयोजना गरिएको छ। परिवर्तनको रैलीमा उम्मेद्वार बन्दना राई र ईण्डियन गोर्खा जनशक्ति फ्रण्टको केन्द्रीय र महकुमा स्तरीय पदाधिकारीहरु र कार्यकर्ताहरुले विभिन्न नाराको साथमा स्थानीयहरु समक्ष बन्दना राईलाई चुनाउमा भोट दिएर जिताउने आह्वान् गरेका छन्।*

**आई.जी.जे.एफ- PPS**

आई.जी.जे.एफ.-का युवा संयोजक राब्गे राईले केन्द्रीय गृहमन्त्री अमित शाहलाई लक्षित गर्दै खुल्ला सन्देश सार्वजनिक गरेका छन्। उनले पी.पी.एस.को अवधारणा गोर्खा जातिको निम्ति छुट्टै राज्यको रूपमा सोचेको भए पनि हालैको प्रेस सम्मेलनमा व्यक्त गरिएको धारणा त्यससँग मेल नखाएको गुनासो गरेका छन्। राईले गोर्खा समुदायको दीर्घकालीन माग र पहिचानको विषयलाई स्पष्ट रूपमा सम्बोधन गर्नुपर्ने आवश्यकता रहेको बताएका छन्।

**शेर्पा एसोसिएसन**

ग्लोबल शेर्पा एसोसिएसनद्वारा आयोजना गरिने ग्लोबल शेर्पा मिट २०२६ को तयारी सम्बन्धी पहिलो बैठक हिज सोनादा शेर्पा बौद्ध गुम्बामा सम्पन्न भयो। यस बैठकमा आगामी विश्व स्तरीय कार्यक्रमलाई सफलता पुर्वक सम्पन्न गर्ने विषयमा विस्तृत छलफल गरिएको छ।

**रम्माम**

दार्जीलिङ्ग-पुलबजार खण्ड अन्तर्गत गोर्खे समान्देनबासीले राम्माम विद्युत विभागलाई ज्ञापनपत्र सुम्पिदै एक महिनाभित्र क्षेत्रमा बिछाइएका तार अनि पोलहरू मर्मती नगरे विभागीय कार्यालयमा क्षेत्रवासीले धर्ना प्रदर्शन गर्ने चेतावनी दिएका छन्। राम्माम निवासी कालु थामीको घोडा सट सर्किटको कारण मृत्यु भएको दुःखद घटना प्रकाशमा आएपछि क्षेत्रवासीले सम्बन्धित विभागलाई यो चेतावनी दिएको हो।

**मौसम**

मौसम विभागले उत्तर बंगाल तथा दार्जिलिङ पहाड क्षेत्रमा भोलि आंशिकदेखि सामान्य रुपमा कुइरो लागि रहने तथा केही स्थानहरुमा हल्का वर्षा हुन सक्ने अनुमान व्यक्त गरेको छ। दार्जिलिङ, कालेबुङग जलपाईगडी र अलिपुरद्वारका केही स्थानहरूमा हल्का वर्षा तथा मेघगर्जनसहित चट्याङको सम्भावना रहेको छ। विभाग अनुसार, आगामी दुईदेखि तीन दिनसम्म क्षेत्रभरि कुइरो लाग्ने र एक–दुई स्थानमा हल्का देखि मध्यम वर्षा हुन सक्नेछ। यसैगरी, आगामी चारदेखि पाँच दिनसम्म मौसम परिवर्तनशील रहने र बीच–बीचमा वर्षा जारी रहने सम्भावना रहेको छ।

**********